योग्यता
निष्पक्षता
स्वच्छता

छैटौं

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

(२०८२ श्रावण - २०८३ आषाढ)

## प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश, सुर्खेत
https://ppsc.karnali.gov.np

योग्यता
निष्पक्षता
स्वच्छता

छैटौं

# वार्षिक प्रतिवेदन

(२०८२ श्रावण - २०८३ आषाढ)

## प्रदेश लोक सेवा आयोग

**कर्णाली प्रदेश, सुर्खेत**

https://ppsc.karnali.gov.np

## प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत


**सम्पर्क**
प्रदेश लोक सेवा आयोग

**ठेगाना**
कर्णाली प्रदेश, सुर्खेत

**टेलिफोन**
०८३-५९०३००
०८३-५९०३०१

**ईमेल**
info.ppsc@karnali.gov.np

**वेबसाइट**
https://ppsc.karnali.gov.np/

प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) ऐन, २०७५ को दफा ६६ बमोजिम
मानननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको
प्रदेश लोक सेवा आयोगको

# छैटौं वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगको
२०८२ श्रावण १ गतेदेखि २०८३ असार ३२ गतेसम्मका
कामकारबाहीहरू समेटिएका छन्

# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

मितिः २०८३/०६/०८

विषय : आयोगको छैटौं वार्षिक प्रतिवेदन पेश गरिएको ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (दोस्रो संशोधन) को दफा ६६ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको बेहोरा अनुरोध छ ।

भवदीय,

(बसन्ती कुमारी सिंह शाही)
का.वा. अध्यक्ष

(भक्तबहादुर ढकाल)
सदस्य

(राम बहादुर कुरूम्वाङ्ग)
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



**बसन्ती कुमारी सिंह शाही**

का.वा. अध्यक्ष



**भक्तबहादुर ढकाल**

सदस्य

रिक्त

सदस्य



**राम बहादुर कुरुम्वाङ्ग**

सचिव

# धन्यवाद ज्ञापन

योग्यता, निष्पक्षता र स्वच्छताको आधारमा कर्णाली प्रदेश सेवाको पदमा उपयुक्त जनशक्ति छनोट गर्ने लगायतका कार्यमा निरन्तर सहयोग, समन्वय, सल्लाह र सद्भावका लागि कर्णाली प्रदेश सरकारप्रति आयोग हार्दिक आभार प्रकट गर्दछ।

परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने पाठ्यक्रम तथा प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विषयका दक्ष वा विज्ञहरू, परीक्षा सञ्चालन गर्नका लागि आवश्यक भवन उपलब्ध गराउनु हुने लोक सेवा आयोग, सुर्खेत कार्यालय, मध्यपश्चिम विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेतस्थित विभिन्न क्याम्पस, सामुदायिक तथा संस्थागत विद्यालय, लिखित परीक्षा सञ्चालनको लागि विभिन्न जिम्मेवारीमा रहेर भूमिका निर्वाह गर्नुहुने यस आयोग र अन्य निकायहरूमा कार्यरत कर्मचारी, शिक्षक र सुरक्षाकर्मीहरू, परीक्षाको विश्वसनीयता र मर्यादा कायम राख्नका लागि सुपरीवेक्षण कार्यमा खटिनु भएका सुपरीवेक्षक लगायतका महानुभावहरूलाई आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

आयोगको आगामी दिनमा समेत कर्णाली प्रदेश सरकार तथा अन्य सम्बन्धित सबैबाट निरन्तर सहयोग, सल्लाह, समन्वय र सहकार्यको आयोग अपेक्षा गर्दछ।

# कार्यकारी सारांश

नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७५, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८०, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, २०८१ र प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०७८ समेतका आधारमा आयोगले कार्य सम्पादन गर्दै आएको छ। आयोगले आफ्नो जिम्मेवारी पूरा गर्दा योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, गोपनीयता र समावेशिता लगायतका सिद्धान्तहरू आत्मसात् गर्दै आएको छ। समग्रमा कानून तर्जुमा तथा परिमार्जनदेखि संगठनात्मक सुधार र नवीन प्रविधिको प्रयोग सम्वन्धी विवरणहरूको सार संक्षेप देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## १. कानून तर्जुमा तथा परिमार्जन

कर्मचारी भर्ना प्रक्रियालाई वैज्ञानिक, व्यवस्थित, निष्पक्ष तथा विश्वसनीय बनाउन प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ मा मिति २०८२/०४/०६ गते चौथो संशोधन गरिएको छ।

## २. परामर्श

आर्थिक वर्ष २०८२/०८३ मा कुनै पनि राय सुझाव तथा परामर्श प्रदान नगरिएको।

## ३. पाठ्यक्रम निर्माण

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश निजामती सेवाका सातौं तहको शिक्षा सेवातर्फ ५ वटा, पाँचौं तहको प्रदेश निजामती/स्थानीय प्रशासन सेवातर्फ १ वटा, चौथो तहको प्रदेश निजामती/स्थानीय प्रशासन सेवातर्फ १ वटा र तेस्रो तहको प्रदेश वन सेवातर्फ १ वटा गरी जम्मा ८ वटा पाठ्यक्रम परिमार्जन गरिएको छ।

## ४. विज्ञापन

आर्थिक वर्ष २०८२/०८३ मा पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका २०८२/०४/०१ गतेदेखि लागु हुने गरी प्रकाशित गरिएको। कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/१२/२९ को निर्णय बमोजिम यस आर्थिक वर्षमा कुनै पनि नयाँ पदपूर्तिको लागि माग नभएको हुँदा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यतालिका बमोजिमको कुनै पनि पदपूर्तिसम्बन्धी कार्य सञ्चालन नभएको।

लोक सेवा आयोगबाट मिति २०७६/१२/१५ गते स्थानीय तहको लागि विज्ञापन प्रकाशन गर्दा प्रतिशत निर्धारण गरी बढुवाको लागि सुरक्षित राखिएका चौथो र पाँचौं तहका पद र यस आयोगले प्रदेश र स्थानीय तहका सेवा शर्तसम्बन्धी कानून निर्माण हुनु अघि कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ बमोजिम प्रदेश र स्थानीय तहको पदपूर्तिको लागि प्रतिशत निर्धारण गरी सुरक्षित राखिएका बढुवा तर्फका पदहरूमा विज्ञापन गर्ने प्रयोजनार्थ मिति २०८३/०२/०५ गते वार्षिक कार्यतालिका संशोधन गरिएको थियो। उक्त संशोधित वार्षिक कार्यतालिका बमोजिम पाँचौं/चौथो तहका बढुवा र आन्तरिक प्रतियोगिता गरी जम्मा ५५९ पदसंख्याको लागि दरखास्त आह्वान गरिएको थियो।

## ५. दरखास्त

आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशित विज्ञापनबाट अनलाईन दरखास्त आह्वान गरिएकोमा सहायकस्तर पाँचौं तहमा १४७, सहायकस्तर चौथो तहमा १२ गरी कुल जम्मा १५९ दरखास्त प्राप्त भएका थिए। प्राप्त भएका दरखास्तमध्ये महिला २३ (१४.४७ प्रतिशत) र पुरुष १३६ (८५.५३ प्रतिशत) रहेका छन्। कुल दरखास्तमध्ये ८६.१६ प्रतिशत कर्णाली प्रदेशका रहेका छन्।

## ६. परीक्षा सञ्चालन

आर्थिक वर्ष २०८२/०८३ मा ११ वटा लिखित परीक्षा सञ्चालन गरिएका छन्।

## ७. सिफारिस

आर्थिक वर्ष २०८२/०८३ मा ८१ महिला र १३५ पुरुष गरी जम्मा २१६ जना उम्मेदवारहरू सिफारिस गरिएको छ। जसमध्ये समावेशी समूह अन्तर्गत सबैभन्दा बढी महिलातर्फ ७२ जना सिफारिस भएका छन्।

## ८. संगठनात्मक सुधार र नवीन प्रविधि

आयोगको अनलाईन दरखास्त प्रणाली अद्यावधिक तथा इन्ह्यान्समेन्ट गरी व्यवस्थित बनाइएको छ। परीक्षा दस्तुर बुझाउने र परीक्षा केन्द्र निर्धारण तथा परीक्षामा खटिने जनशक्ति व्यवस्थापनलाई अनलाईन प्रणालीमा आवद्ध गरिएको छ। परीक्षामा खटिने जनशक्ति एवम् उम्मेद्वारहरूलाई एस.एम.एस. मार्फत परीक्षा सम्बन्धी सूचना सम्प्रेषण गर्ने गरिएको छ।

# विषय सूची


| | | |
|---|---|---|
| **परिच्छेद-१: आयोगको गठन र कार्यक्षेत्र** | | **१-२** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको गठन | १ |
| १.३ | आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.४ | वार्षिक प्रतिवेदन | २ |
| **परिच्छेद-२: आयोगको कार्यसम्पादनका आधारहरू** | | **३-१३** |
| २.१ | संवैधानिक तथा कानूनी प्रबन्ध | ३ |
| २.२ | कार्यसम्पादनका सिद्धान्तहरू | ५ |
| २.३ | संगठनात्मक संरचना र कार्यक्षेत्र | ७ |
| २.४ | कार्यविभाजन र अधिकार प्रत्यायोजन | ८ |
| २.५ | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | १० |
| **परिच्छेद-३: प्रशासनिक तथा वित्तीय पक्षहरू** | | **१४-१७** |
| ३.१ | भौतिक अवस्था | १४ |
| ३.२ | दरबन्दी र पदपूर्तिको अवस्था | १४ |
| ३.३ | बैठक तथा निर्णय | १५ |
| ३.४ | निरीक्षण | १६ |
| ३.५ | बजेट, निकासा र खर्च | १६ |
| ३.७ | राजस्व र धरौटी | १७ |
| ३.८ | राजस्व सङ्कलन | १७ |
| ३.९ | बेरुजु | १७ |
| **परिच्छेद-४: कानून संशोधन, पाठ्यक्रम निर्माण र परिमार्जन** | | **१८-१९** |
| ४.१ | कानून संशोधन | १८ |
| ४.२ | पाठ्यक्रम निर्माण र परिमार्जन | १८ |
| **परिच्छेद-५: विज्ञापन र दरखास्त** | | **२०-३४** |
| ५.१ | पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | २० |
| ५.२ | प्रतिशत निर्धारण | २० |
| ५.३ | विज्ञापन प्रकाशन | २२ |

| | | |
|---|---|---|
| ५.४ | दरखास्त सङ्कलन | २६ |
| ५.५ | स्वीकृत भएका दरखास्तको विवरण | ३४ |
| ५.६ | स्वीकृत नभएका दरखास्तको विवरण | ३४ |
| **परिच्छेद-६: परीक्षा र परीक्षण** | | **३५-३७** |
| ६.१ | प्रश्नपत्र निर्माण र परिमार्जन | ३५ |
| ६.२ | लिखित परीक्षा सञ्चालन | ३५ |
| ६.३ | उत्तरपुस्तिका सङ्केतीकरण | ३६ |
| ६.४ | उत्तरपुस्तिका परीक्षण | ३६ |
| ६.५ | उम्मेदवार सम्मिलित नभएका विज्ञापन सम्बन्धी विवरण | ३६ |
| ६.६ | सहयोगी लेखकद्वारा सञ्चालित लिखित परीक्षा | ३६ |
| ६.७ | परीक्षामा भएको अनियमितता र कारबाहीको विवरण | ३७ |
| **परिच्छेद-७: अन्तर्वार्ता तथा सिफारिस** | | **३८-५०** |
| ७.१ | अन्तर्वार्ता | ३८ |
| ७.२ | सिफारिस | ३८ |
| **परिच्छेद-८: साङ्गठनिक सुधार र नवीन प्रविधि** | | **५१-५३** |
| ८.१ | पूर्वाधार विकास | ५१ |
| ८.२ | प्रविधिको प्रयोग र स्वचालित कार्यपद्धति | ५१ |
| ८.३ | सूचना प्रवाह | ५२ |
| ८.४ | लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन | ५२ |
| ८.५ | प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन | ५३ |
| ८.६ | रणनीतिक योजनाको कार्यान्वयनको स्थिति | ५३ |
| **परिच्छेद-९: परामर्श, राय सुझाव र उजुरी** | | **५४** |
| ९.१ | परामर्श र राय सुझाव | ५४ |
| ९.२ | प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाइ परेका रिट निवेदन | ५४ |
| **परिच्छेद-१०: आयोगको जिम्मेवारी निर्वाहमा देखा परेका समस्या र चुनौतीहरू** | | **५५** |
| **परिच्छेद-११: गत आर्थिक वर्षको प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयनको अवस्था** | | **५६** |
| **परिच्छेद-१२: सुझावहरू** | | **५७** |
| **अनुसूचीहरू:** | | **५८-६३** |

# तालिका सूची


तालिका-१ : आन्तरिक कार्यविभाजन ९
तालिका-२ : बाह्य निकायगत कार्यविभाजन ९
तालिका-३ : आयोगको कार्यालयको मौजुदा दरबन्दी र पदपूर्तिको अवस्था १४
तालिका-४ : आयोगका निर्णयहरूको विषयगत वर्गीकरण १५
तालिका-५ : आयोगको लागि विनियोजित बजेट, निकासा र खर्च १६
तालिका-६ : आयोग कार्यालयबाट सङ्कलित राजस्व र धरौटी १७
तालिका-७ : शीर्षकगत राजस्व सङ्कलन १७
तालिका-८ : पाठ्यक्रम निर्माण सम्बन्धी विवरण १८
तालिका-९ : स्थानीय सेवाका पाँचौं तह, अप्राविधिकतर्फको पदको प्रतिशत निर्धारण २१
तालिका-१०: स्थानीय सेवाका पाँचौं तह, विभिन्न सेवा/समूहका प्राविधिकतर्फका पदहरूको प्रतिशत निर्धारण २१
तालिका-११: प्रदेश निजामती सेवाका चौथो तह, अप्राविधिकतर्फको पदको प्रतिशत निर्धारण २२
तालिका-१२: स्थानीय सेवाका चौथो तह, विभिन्न सेवा/समूहका अप्राविधिकतर्फका पदहरूको प्रतिशत निर्धारण २२
तालिका-१३: स्थानीय सेवाको बढुवातर्फ भएका विज्ञापित पदसंख्याको सेवा अनुसार विवरण २३
तालिका-१४: प्रदेश निजामती सेवाको बढुवातर्फ भएका विज्ञापित पदसंख्याको सेवा अनुसार विवरण २३
तालिका-१५: प्रदेश निजामती सेवाको बढुवातर्फ विज्ञापित पद संख्याको विवरण २४
तालिका-१६: स्थानीय सेवाको बढुवातर्फ विज्ञापित पद संख्याको विवरण २४
तालिका-१७: प्रदेश निजामती सेवाको बढुवातर्फ विज्ञापनको विवरण २४
तालिका-१८: स्थानीय सेवाको बढुवातर्फ विज्ञापनको विवरण २५
तालिका-१९: चौथो तहको विज्ञापनको विवरण २५
तालिका-२०: पाँचौं तहको विज्ञापनको विवरण २५
तालिका-२१: तह/लिङ्ग अनुसार दरखास्तको विवरण २६
तालिका-२२: विज्ञापनको प्रकार अनुसार आन्तरिक प्रतियोगितातर्फ परेका दरखास्तको विवरण २६

तालिका-२३: दरखास्तको भौगोलिक क्षेत्रगत विवरण २७
तालिका-२४: दरखास्तको प्रदेशगत विवरण २७
तालिका-२५: दरखास्तको जिल्लागत विवरण २८
तालिका-२६: उम्मेदवारको शैक्षिक योग्यताको संकाय २९
तालिका-२७: उम्मेदवारको बुबाको शैक्षिक अवस्था २९
तालिका-२८: उम्मेदवारको आमाको शैक्षिक अवस्था ३०
तालिका-२९: उमेर समूह अनुसार दरखास्तको विवरण ३०
तालिका-३०: उम्मेदवारको रोजगारीको अवस्था ३०
तालिका-३१: उम्मेदवारको बुबाको पेशा ३१
तालिका-३२: उम्मेदवारको आमाको पेशा ३१
तालिका-३३: जातजातिका आधारमा दरखास्तको विवरण ३२
तालिका-३४: धर्मका आधारमा दरखास्तको विवरण ३२
तालिका-३५: मातृभाषाको आधारमा दरखास्तको विवरण ३३
तालिका-३६: वैवाहिक स्थितिको आधारमा दरखास्तको विवरण ३३
तालिका-३७: उम्मेदवारको शारीरिक अशक्तताको आधारमा दरखास्तको विवरण ३३
तालिका-३८: उम्मेदवारको शारीरिक अशक्तताको वर्गीकरण आधारमा दरखास्तको विवरण ३४
तालिका-३९: स्वीकृत भएका दरखास्तको विवरण ३४
तालिका-४०: स्वीकृत नभएका दरखास्तको विवरण ३४
तालिका-४१: प्रश्नपत्र सेटको निर्माण तथा खर्च सम्बन्धी विवरण ३५
तालिका-४२: लिखित परीक्षामा सम्मिलित उम्मेदवार संख्या ३६
तालिका-४३: उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण ३६
तालिका-४४: सहयोगी लेखक सम्बन्धी विवरण ३७
तालिका-४५: अनियमितता र कारबाही सम्बन्धी विवरण ३७
तालिका-४६: स्थापनाकालदेखि आर्थिक वर्ष २०८२/०८३ सम्म सिफारिस भएका उम्मेदवार संख्या ३८
तालिका-४७: आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश र स्थानीयतर्फ सिफारिस भएका उम्मेदवारको तहगत विवरण ३९
तालिका-४८: विज्ञापनको प्रकार, लिङ्ग र पदको स्तरका आधारमा सिफारिस संख्या ३९

| | | |
|---|---|---|
| तालिका-४९: | सेवाका आधारमा सिफारिसको विवरण | ४० |
| तालिका-५०: | सिफारिस भएका उम्मेदवारको भौगोलिक क्षेत्र अनुसार विवरण | ४१ |
| तालिका-५१: | सिफारिस भएका उम्मेदवारको प्रदेशगत विवरण | ४१ |
| तालिका-५२: | कर्णाली प्रदेशबाट सिफारिस भएका उम्मेदवारको जिल्लागत विवरण | ४२ |
| तालिका-५३: | सिफारिस भएका उम्मेदवारको जातिगत विवरण | ४२ |
| तालिका-५४: | सिफारिस भएका उम्मेदवारको धर्मगत विवरण | ४३ |
| तालिका-५५: | सिफारिस भएका उम्मेदवारको भाषागत विवरण | ४३ |
| तालिका-५६: | सिफारिस भएका उम्मेदवारको रोजगारीको विवरण | ४४ |
| तालिका-५७: | सिफारिस भएका उम्मेदवारको वैवाहिक स्थितिको विवरण | ४४ |
| तालिका-५८: | सिफारिस भएका उम्मेदवारको शैक्षिक संस्थाको प्रकार सम्बन्धी विवरण | ४४ |
| तालिका-५९: | सिफारिस भएका उम्मेदवारको शारीरिक अवस्था सम्बन्धी विवरण | ४५ |
| तालिका-६०: | सिफारिस भएका उम्मेदवारको बाबु/आमाको शैक्षिक स्थिति | ४५ |
| तालिका-६१: | सिफारिस भएका उम्मेदवारको अभिभावकको पेशा | ४५ |
| तालिका-६२: | उमेर समूह अनुसार सिफारिस भएका उम्मेदवारको विवरण | ४६ |
| तालिका-६३: | विज्ञापन अनुसार सिफारिस सम्बन्धी विवरण | ४७ |
| तालिका-६४: | वैकल्पिक सिफारिस सम्बन्धी विवरण | ४९ |
| तालिका-६५: | अस्थायी सिफारिस सम्बन्धी विवरण | ५० |

# चित्र सूची


चित्र-१ : प्रदेश लोक सेवा आयोगको सङ्गठन संरचना ८

चित्र-२ : पदपूर्ति सम्बन्धी कार्यप्रवाह (Flow Chart) १३

# *Abbreviation*

| | |
|---|---|
| अ.त.प्र. | अन्तर तह प्रतियोगिता |
| आ.अ.स.प्र. | आन्तरिक अन्तर समूह प्रतियोगिता |
| आ.अ.से.प्र. | आन्तरिक अन्तर सेवा प्रतियोगिता |
| आ.ज. | आदिवासी जनजाति |
| आ.प्र. | आन्तरिक प्रतियोगिता |
| आ.यो.त. | आर्थिक योजना तथा तथ्याङ्क |
| एग्री. ईको. एण्ड मा. | एग्रिकल्चर इकोनोमिक्स एण्ड मार्केटिङ्ग |
| क्र.स. | क्रम संख्या |
| क.न. | कम्युनिटी नर्सिङ |
| का.स. | कार्यालय सहयोगी |
| का.स.मू. | कार्यसम्पादन मूल्याङ्कन |
| का.क्ष.मू. | कार्यक्षमता मूल्याङ्कन |
| खा.पा.स.टे. | खानेपानी तथा सरसफाई टेक्निसियन |
| ज.न. | जनरल नर्सिङ्ग |
| ज.फ. | जनरल फरेष्ट्री |
| ज.मे.ल्या.टे. | जनरल मेडिकल ल्याव टेक्नोलोजिष्ट |
| ज.हे.स. | जनरल हेल्थ सर्भिसेज |
| ना.प.से.प्रा. | नायब पशु सेवा प्राविधिक |
| ना.प.स्वा.प्रा. | नायब पशु स्वास्थ्य प्राविधिक |
| प.हे.ए. | पब्लिक हेल्थ एडमिनिष्ट्रेशन |
| प.हे.न. | पब्लिक हेल्थ नर्स |
| पि.क्षे. | पिछडिएको क्षेत्र |
| मा. | माननीय |
| मे.ल्या.टे. | मेडिकल ल्याव टेक्नोलोजिष्ट |
| ला.पो.डे.डे. | लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलप्मेन्ट |
| व.उ.शी.नं. | बजेट उपशीर्षक नम्बर |
| वि. एण्ड आर्क. | विल्डिङ एण्ड आर्किटेक्ट |

| | |
|---|---|
| वि.नं. | विज्ञापन नम्बर |
| शि.प्र. | शिक्षा प्रशासन |
| स्वा.एण्ड.वा.क. | स्वायल एण्ड वाटर कन्जरभेसन |
| सा.प्र. | सामान्य प्रशासन |
| सि.नं. | सिरियल नम्बर |
| हे.अ. | हेल्थ असिस्टेन्ट |
| हे.इ. | हेल्थ इन्स्पेक्सन |
| हे.ए. | हेल्थ एडमिनिष्ट्रेशन |
| OMR | Optical Mark Reader |
| E-payment | Electronic Payment |

परिच्छेद-१

# आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने साथै प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने जसका लागि संघीय संसदले कानून बनाइ आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ।

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने कुरा उल्लेख छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी आयोगबाट प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ र प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ। यसका अतिरिक्त प्रदेश निजामती सेवा र स्थानीय सेवाका शर्तसम्बन्धी कानूनी प्रबन्धले आयोगको कार्यसम्पादन व्यवस्थित भएको छ।

## १.२ आयोगको गठन

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ३ मा प्रदेश लोक सेवा आयोगमा एक जना महिला हुनेगरी अध्यक्ष सहित बढिमा तीन जना सदस्य रहने प्रावधान रहेको छ। सोही प्रावधान बमोजिम २०७७ साल फाल्गुन ६ गते अध्यक्ष सहित तीन जना सदस्यहरूको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको हो।

आयोगका सदस्यहरू मध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रही कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौं तहबाट सेवा निवृत्त भएका व्यक्तिहरू मध्यबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि कला साहित्य कानून

जनप्रशासन समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध अनुसन्धान अध्यापन कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुने व्यवस्था छ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६ मा उल्लेख भए बमोजिम प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने, प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्ने, प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने, प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने काम, कर्तव्य र अधिकार रहेका छन् भने प्रदेश सेवाको पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गर्न नहुने समेतको व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७५ मा उल्लेख छ।

प्रदेश सेवाको शर्तसम्बन्धी कानूनको विषयमा, प्रदेश सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था रहेको छ।

## १.४ वार्षिक प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६६ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था गरी वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषयहरू समेत निर्दिष्ट गरिएको छ। आयोगले हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ। आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश लोक सेवा आयोगले सम्पादन गरेका काम कारबाहीलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ।

## परिच्छेद-२
# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संवैधानिक तथा कानूनी प्रबन्ध

### २.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारका सम्बन्धमा सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ।

### २.१.२ कानूनी व्यवस्था

(क) ऐनहरू

**(१) प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५**

यस ऐनले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन आधार प्रदान गरेको छ।

**(२) प्रदेश लोक सेवा आयोग ऐन, २०७५**

यस ऐनले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न आधार प्रदान गरेको छ।

**(३) प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०७९**

यस ऐनले प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गरेको छ।

**(४) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८०**

यस ऐनले प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यावसायिक र निष्पक्ष बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धमा व्यवस्था गरेको छ।

**(५) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१**

यस ऐनले कर्णाली प्रदेशभित्र रहेका स्थानीय तहबाट हुने सेवा प्रवाहको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्दै स्थानीय सेवालाई सक्षम, सुदृढ, उत्तरदायी, व्यावसायिक, निष्पक्ष र प्रभावकारी बनाउन स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धमा व्यवस्था गर्न आधार प्रदान गरेको छ।

**(६) कर्णाली प्रदेश प्रहरी ऐन, २०८१**

प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधको अनुसन्धान, रोकथाम र नियन्त्रण मार्फत संविधान प्रदत्त मौलिक हक र मानव अधिकारको संरक्षण तथा संवर्द्धन र नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन र नियमनको लागि कर्णाली प्रदेश प्रहरी ऐन, २०८१ जारी भई सोही ऐनको दफा १६ बमोजिम प्रदेश प्रहरी सेवाको लागि खुला प्रतियोगिताद्वारा छनोट गर्ने पदपूर्ति समितिको नेतृत्व आयोगका अध्यक्ष वा निजले तोकेको सदस्यले गर्ने व्यवस्था रहेको छ।

**(ख) नियमावलीहरू**

**(१) प्रदेश लोक सेवा आयोग नियमावली, २०७८**

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ जारी गरेको छ र यस नियमावलीमा आयोगले नयाँ नियुक्ति र बढुवाका लागि उम्मेदवार सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया लगायतका सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ।

**(२) कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८०**

कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० मा कर्णाली प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउन कर्णाली प्रदेश निजामती सेवामा रहने पद, सेवा, समूह, न्यूनतम शैक्षिक योग्यता, सरुवा, बढुवा, आचरण, सजाय, सेवाको सुरक्षा र शर्तसम्बन्धी व्यवस्था रहेको छ।

**(३) स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१**

कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ मा कर्णाली प्रदेशभित्र रहेका स्थानीय तहबाट हुने सेवा प्रवाहको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्दै स्थानीय सेवालाई सक्षम, सुदृढ, उत्तरदायी, व्यावसायिक, निष्पक्ष र प्रभावकारी बनाउन सेवामा रहने पद, सेवा, समूह, न्यूनतम शैक्षिक योग्यता, सरुवा, बढुवा, आचरण, सजाय, सेवाको सुरक्षा र शर्तसम्बन्धी व्यवस्था उल्लेख छ।

**(ग) निर्देशिका, कार्यविधि तथा मापदण्ड**

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०७८, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि २०७८, प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष, विज्ञ र कर्मचारीहरूको आचारसंहिता २०७८, अधिकृत नवौं तह अप्राविधिक पदको मामिला प्रस्तुतीकरण परीक्षा सञ्चालनसम्बन्धी मापदण्ड, २०८१ आयोगको कार्यसञ्चालनका लागि आयोगबाट स्वीकृत भई कार्यान्वयनमा रहेका छन्।

## २.२ कार्यसम्पादनका सिद्धान्तहरू

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ११ बमोजिम पदपूर्तिको लागि उम्मेदवारको छनोटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले संघीय कानुन बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई आयोगले अवलम्बन गर्नुपर्ने छ भनि व्यवस्था गरेको छ। सोही अनुसार आयोगले निम्न सिद्धान्त र मापदण्डलाई अवलम्बन गरेको छ।

### २.२.१ योग्यताको सिद्धान्त

आयोगबाट सञ्चालन हुने परीक्षामा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई योग्यताक्रमको आधारमा सिफारिस गरिन्छ । सम्बन्धित पदको लागि आवश्यक पर्ने ज्ञान, सिप, र व्यवहार को परीक्षण गर्न पाठ्यक्रम तयार गरिने र सोही पाठ्यक्रम बमोजिमको परीक्षाबाट उम्मेदवार छनोट गरी स्थायी नियुक्तिका लागि सिफारिस गर्ने सिद्धान्त अवलम्बन गरिएको छ। यसबाट प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाहरू थप व्यावसायिक तथा जनमुखी हुने विश्वास लिइएको छ।

### २.२.२ निष्पक्षताको सिद्धान्त

भनसुन, दबाव तथा प्रभावजन्य क्रियाकलापलाई अस्वीकार गर्दै लिखित तथा अन्तर्वार्ता परीक्षामा स्वच्छ एवम् स्वस्थ प्रतिस्पर्धा गराइ उम्मेदवार छनोट गर्ने र सिफारिस लगायत आयोगका सबै क्रियाकलापलाई भेदभावरहित बनाइ निष्पक्षता कायम गर्ने गरिन्छ।

### २.२.३ स्वच्छताको सिद्धान्त

विश्वसनीयता, उत्तरदायित्व, जवाफदेहिता, जिम्मेवारी, इमान्दारिता र वैज्ञानिक व्यवस्थापनका माध्यमबाट आयोगका क्रियाकलापहरू सञ्चालन गरिन्छन्।

### २.२.४ गोपनीयताको सिद्धान्त

आयोगले सार्वजनिक गर्ने गरी तोकेका विषयहरू बाहेक आयोगबाट सम्पादन हुने सबै क्रियाकलापहरूमा गोपनीयता कायम गरिन्छ।

### २.२.५ समावेशिताको सिद्धान्त

पदपूर्तिका लागि आयोगमा माग भइ आएका पदहरूमा प्रचलित कानून र समावेशीकरणको नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समावेशी समूहका उम्मेदवारहरूबिच मात्र प्रतिस्पर्धा गराइ पदपूर्ति गरिन्छ।

### २.२.६ समान अवसरको सिद्धान्त

योग्यता पुगेका सबै नेपाली नागरिकहरूलाई कानून बमोजिम खुला एवम् समावेशी विधिबाट परीक्षामा सहभागी गराइ प्रतिस्पर्धात्मक माध्यमबाट छनोट हुने समान अवसर प्रदान गरिन्छ।

### २.२.७ द्विअन्ध सिद्धान्त

पदाधिकारी, विज्ञ वा कर्मचारीलाई परीक्षाको विभिन्न चरणहरूमध्ये एक चरणमा मात्रै संलग्न गराइन्छ। पहिलो कोडिङमा संलग्न व्यक्ति दोस्रो कोडिङमा सहभागी हुन नपाउने व्यवस्था गरिन्छ। एक शाखा वा महाशाखाको काममा अर्को शाखा वा महाशाखाको पहुँच नहुने गरी कार्यसम्पादनको व्यवस्था मिलाइएको हुन्छ।

### २.२.८ परिचय शून्यताको सिद्धान्त

लिखित परीक्षा सकिएपश्चात आयोगले उत्तरपुस्तिका परीक्षण गराउनु अगावै उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको सबै व्यक्तिगत विवरणहरूलाई दोहोरो कोडिङ गरी उत्तरपुस्तिकाबाट

अलग गराइ कोड परिचय कायम गरिन्छ। यसो गर्दा विज्ञ तथा कर्मचारीले उक्त उत्तरपुस्तिकाको पहिचान गर्न सक्ने अवस्था रहदैन। यो प्रक्रिया अन्तिम नतिजा प्रकाशनको प्रक्रिया बाहेक सबै चरणमा कायम हुन्छ।

### २.२.९ असंलग्नताको सिद्धान्त

आयोगबाट सञ्चालन हुने परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका परिवारका सदस्य वा नातेदार सहभागी हुने भएमा उक्त परीक्षा, परीक्षाको नतिजा, अन्तर्वार्ता र सिफारिसको कुनै पनि चरणमा पदाधिकारी, कर्मचारी वा विज्ञलाई सहभागी गराइँदैन।

## २.३ संगठनात्मक संरचना र कार्यक्षेत्र

आयोगको कार्यक्षेत्रमा कर्णाली प्रदेशका १० जिल्ला र ७९ वटा स्थानीय तह रहेका छन्। आयोगले आफ्ना कार्यहरू वीरेन्द्रनगर नगरपालिका वडा नं.७ सुर्खेतमा रहेको कार्यालयबाट सञ्चालन गर्दै आएको छ। आयोगमा अध्यक्ष सहित तीन जना पदाधिकारी रहने व्यवस्था छ। राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं तहको सचिवको प्रशासनिक नेतृत्वमा आयोगमा प्रशासन महाशाखा, परीक्षा महाशाखा र पाठ्यक्रम अनुसन्धान, अन्तर्वार्ता तथा सिफारिस महाशाखा गरी ३ वटा महाशाखा र सो महाशाखा अन्तर्गत १० वटा शाखा रहेका छन्। कर्णाली प्रदेश सरकारले स्वीकृत गरेको आयोगको सङ्गठन संरचना तथा दरबन्दी तेरिज अनुसार आयोगमा कुल ४५ जना कर्मचारीको दरबन्दी रहेको छ।

आयोगको स्वीकृत सङ्गठन संरचना र दरबन्दी तेरिज तलको चित्र र तालिकामा प्रस्तुत गरिएको छ।

## चित्र -१
## प्रदेश लोक सेवा आयोगको सङ्गठन संरचना




## २.४ कार्यविभाजन र अधिकार प्रत्यायोजन

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा १० मा आयोगले सम्पादन गर्नुपर्ने कामको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ। आन्तरिक कार्यसम्पादनका लागि प्रदेश लोक सेवा आयोगको मिति २०८१ साल पौष ०५ गतेको निर्णय अनुसार पदाधिकारीको आन्तरिक कार्यविभाजन तालिका-१ र बाह्य निकायगत कार्यविभाजन तालिका-२ मा उल्लेख गरिएको छ।

## तालिका-१ः आन्तरिक कार्यविभाजन

| क्र.सं. | पदाधिकारीको नाम | कार्यविभाजन/जिम्मेवारी |
|---|---|---|
| १ | का.वा.अध्यक्ष बसन्ती कुमारी सिंह शाही | • प्रशासन<br>• योजना र समन्वय<br>• कच्चा प्रश्नपत्र निर्माण<br>• लिखित नतिजा तयारी<br>• परामर्श (नीति, नियम र विभागीय सजाय)<br>• अन्तर्वार्ता तथा सिफारिस |
| २ | सदस्य भक्तबहादुर ढकाल | • पाठ्यक्रम निर्माण<br>• सूचना र प्रकाशन<br>• प्रश्नपत्र परिमार्जन<br>• लिखित नतिजा प्रकाशन |

## तालिका-२ः बाह्य निकायगत कार्यविभाजन

| क्र.सं. | पदाधिकारीको नाम | प्रतिनिधित्व हुने निकाय र पद |
|---|---|---|
| १. | का.वा. अध्यक्ष बसन्ती कुमारी सिंह शाही | • कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सिफारिस समितिको अध्यक्षता गर्ने।<br>• उजुरी (स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिमको बढुवा सम्बन्धी) |
| २. | सदस्य भक्तबहादुर ढकाल | • कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिमको बढुवा समितिको अध्यक्षता गर्ने।<br>• उजुरी (स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिमको बढुवा समिति बाहेकका बढुवा र सामान्य) |

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८० मा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा आयोगको कुनै कार्यालय वा आयोगको वा प्रदेश सरकारको अधिकृतस्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोगको मिति २०८१ साल पौष ०५ गतेको निर्णयले कार्यविभाजनमा परेको प्रशासन सम्बन्धी निर्णय गर्ने अधिकार र लिखित परीक्षाको नतिजा तयारी सम्बन्धी निर्णय गर्ने अधिकार का.वा. अध्यक्ष बसन्ती

कुमारी सिंह शाहीलाई र सूचना तथा प्रकाशन सम्बन्धी निर्णय गर्ने अधिकार सदस्य भक्तबहादुर ढकाललाई र परीक्षा भवन कायम गर्ने तथा प्रश्नपत्र छपाईसम्बन्धी काममा कर्मचारी खटाउने अधिकार सचिवलाई प्रत्यायोजन गरेको छ।

## २.५ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाका विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनोट गर्नको लागि परीक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य गर्न आयोगले अवलम्बन गर्ने कार्यप्रक्रिया देहाय अनुसार उल्लेख गरिएको छः-

### २.५.१ वार्षिक कार्यतालिका प्रकाशन

आर्थिक वर्षको सुरुमै प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदका लागि आयोगबाट पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका तयार गरी लागु गरिन्छ। सोही अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि समेत पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका तर्जुमा गरी २०८२ साल श्रावण १ गते देखि लागू गरिएको थियो।

### २.५.२ विज्ञापन प्रकाशन

वार्षिक कार्यतालिकामा निर्धारित समयमा आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका रिक्त पदहरूमा स्थायी पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने गर्दछ। विज्ञापन गर्नुपूर्व आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रिक्त दरबन्दी अनुसारको सेवा, समूह, उपसमूह, तह र पद समेत खुल्ने गरी माग आकृति फाराम प्राप्त गर्दछ। प्राप्त मागका आधारमा आयोगबाट कानून बमोजिम प्रतिशत निर्धारण गरेर बढुवाबाट पदपूर्ति गरिने र खुला प्रतियोगितात्मक परीक्षा एवम् अन्तर तह, आन्तरिक अन्तर सेवा र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गरिने पद संख्या निर्धारण गरिन्छ। पद संख्या निर्धारण गर्दा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने गरी निर्धारण भएको पद संख्यामध्ये कानून बमोजिम खुला तथा समावेशी समूहका लागि पद संख्या छुट्याइन्छ र त्यस्ता पदहरूको लिखित परीक्षा हुने मिति र समयसहित आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्दछ।

### २.५.३ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा र स्थानीय सेवा तर्फका खुला, अन्तर तह, आन्तरिक अन्तर सेवा र आन्तरिक अन्तर समूह प्रतियोगिता र बढुवा विज्ञापनको दरखास्त सङ्कलन गरिन्छ।

### २.५.४ लिखित परीक्षा सञ्चालन

विज्ञापन प्रकाशन भएका पदको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिएर प्रश्नपत्र तयार गरिन्छ। आयोगले विज्ञापित पदको लागि तोकिएको मिति भन्दा पन्ध्र दिन अगाडि दरखास्त स्वीकृत भएका परीक्षार्थीहरूको नामावली प्रकाशन र सात दिन अगाडि परीक्षा केन्द्र निर्धारण गरी तोकिएको समयमा लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.५.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारको उत्तरपुस्तिकामा प्रथम सङ्केतका लागि परीक्षा महाशाखा प्रमुखले तोकेबमोजिम सामान्यतया परीक्षा शाखालाई जिम्मेवारी प्रदान गरिन्छ। प्रथम सङ्केतीकरणको कार्य सम्पन्न भएपश्चात उम्मेदवारको उत्तरपुस्तिकाको विवरण खण्ड भएको अर्धकट्टी आयोगको सचिवको जिम्मामा रहन्छ।

द्विअन्ध सिद्धान्त बमोजिम आयोगका सचिवले प्रथम सङ्केत कायम गर्ने कार्यमा संलग्न नभएका आयोगका अन्य शाखा वा कर्मचारीहरूलाई दोस्रो संङ्केतका लागि तोक्ने गरिन्छ। दोस्रो सङ्केतीकरणको कार्य सम्पन्न भएपश्चात दोस्रो संङ्केतको अर्धकट्टी सिलबन्दी गरी आयोगको अध्यक्षको जिम्मामा रहन्छ।

### २.५.६ लिखित परीक्षा नतिजा, प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता र सिफारिस

विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराइ उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद संख्याको तुलनामा आयोगको ऐन तथा नियमावलीको व्यवस्था बमोजिम माग पदभन्दा निश्चित थप संख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारको मात्र नाम डिकोड गरी लिखित परीक्षाको नतिजा वर्णानुक्रमका आधारमा प्रकाशन गरिन्छ। प्रदेश निजामती सेवा र स्थानीय सेवाको हकमा लिखित परीक्षामा छनोट भएका उम्मेदवारको परीक्षा योजना बमोजिम कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा, सामूहिक परीक्षण, मामिला प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका परीक्षामा प्राप्त अङ्क र लिखित परीक्षाको प्राप्ताङ्कको कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी

नियुक्तिको लागि सिफारिस गरिन्छ। आयोगको पदपूर्ति सम्बन्धी कार्यप्रवाह तलको चित्र-२ मा प्रस्तुत गरिएको छ।

### २.५.७ वैकल्पिक तथा अस्थायी उम्मेदवार सिफारिसः

आयोगबाट नियुक्तिका लागि सिफारिस गरिएको उम्मेदवारले नियुक्ति नलिएमा, सिफारिस भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई पद रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिन्छ।

सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग भई आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गरिन्छ।

**चित्र-२ः पदपूर्ति सम्बन्धी कार्यप्रवाह (Flow Chart)**



परिच्छेद-३

# प्रशासनिक तथा वित्तीय पक्षहरू

## ३.१ भौतिक अवस्था

आयोगले साविकको घरेलु विकास समितिको वीरेन्द्रनगर नगरपालिकावडा नं. ७ स्थित कालुङ्गचोकमा रहेको ६ कट्ठा जग्गामा निर्मित दुई वटा भवनमा आफ्नो कार्य सञ्चालन गर्दै आएको छ। आयोगको भौतिक पुर्वाधार विस्तारको क्रममा आर्थिक वर्ष २०८२/०८३ मा परीक्षा भवन निर्माणको काम भइरहेको छ। हाल आयोगले प्रयोग गरिरहेको जग्गा आफ्नो स्वामित्वमा ल्याउने प्रक्रियामा रहेको छ। आयोगका लागि आवश्यक सवारी साधन, ओ.एम.आर. मेसिन, छपाइ मेसिन, फर्निचर, ल्यापटप, कम्प्युटर, प्रिन्टर र फोटोकपी मेसिन लगायतका मेसिनरी औजार तथा उपकरणहरू रहेका छन्।

## ३.२ दरबन्दी र पदपूर्तिको अवस्था

प्रदेश सरकारबाट स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगमा राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं तहका १, वरिष्ठ उपसचिव/दशौं तहका ३, वरिष्ठ शाखा अधिकृत/अधिकृतस्तर आठौं तहका ६, शाखा अधिकृत/अधिकृतस्तर सातौं तहका २, कानून अधिकृत १, प्रशासकीय अधिकृत/अधिकृतस्तर छैटौं तहका १०, कम्प्युटर अधिकृत/अधिकृतस्तर छैटौं तहका ४, लेखा अधिकृत/अधिकृतस्तर छैटौं तहका १, वरिष्ठ प्रशासन सहायक/सहायकस्तर पाँचौं तहका ८, तह विहीन हलुका सवारी चालक ४ र कार्यालय सहयोगी ५ गरी जम्मा ४५ जनाको दरबन्दी रहेको छ। आयोगको दरबन्दी र पदपूर्तिको संख्या तालिका-३ मा उल्लेख गरिएको छ।

**तालिका-३ः आयोगको कार्यालयको मौजुदा दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पदनाम | श्रेणी/तह | सेवा/समूह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | राजपत्राङ्कित प्रथम/एघारौं | प्रशासन/सा.प्र. | १ | १ | - |
| २ | वरिष्ठ उपसचिव | अधिकृतस्तर दशौं | प्रशासन/सा.प्र. | ३ | १ | २ |
| ३ | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर आठौं | प्रशासन/सा.प्र. | ६ | १ | ५ |
| ४ | कानून अधिकृत | राजपत्राङ्कित तृतीय | न्याय/कानून | १ | १ | |

| क्र. सं. | पदनाम | श्रेणी/तह | सेवा/समूह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|
| ५ | अधिकृत/मनोविज्ञानवेत्ता | अधिकृतस्तर सातौं | शिक्षा | १ | | १ |
| ६ | कम्प्युटर इन्जिनियर | अधिकृतस्तर सातौं | विविध | १ | १ | - |
| ७ | प्रशासकीय अधिकृत | अधिकृतस्तर छैटौं | प्रशासन/सा.प्र. | १० | ७ | ३ |
| ८ | लेखा अधिकृत | अधिकृतस्तर छैटौं | प्रशासन/लेखा | १ | १ | - |
| ९ | कम्प्युटर अधिकृत | अधिकृतस्तर छैटौं | विविध | ४ | ३ | - |
| १० | वरिष्ठ प्रशासन सहायक | सहायकस्तर पाँचौ | प्रशासन/सा.प्र. | ४ | ३ | १ |
| ११ | कम्प्युटर अपरेटर | सहायकस्तर पाँचौ | विविध | ४ | ३ | १ |
| १२ | हलुका सवारी चालक | तहविहीन | - | ४ | ४ | - |
| १३ | कार्यालय सहयोगी | तहविहीन | - | ५ | ५ | - |
| | | **जम्मा** | - | ४५ | ३१ | १३ |

**द्रष्टव्यः** प्रदेश विविध सेवा, छैटौं तह, कम्प्युटर अधिकृतको १ वटा पद कर्णाली प्रदेश निजामति सेवा ऐन, २०८० को दफा ८ को उपदफा (१३) बमोजिम स्वतः खारेज भएको।

## ३.३ बैठक तथा निर्णय

आर्थिक वर्ष २०८२/०८३ को अवधिमा आयोगको कुल २६ वटा बैठक सञ्चालन भई २६ वटा निर्णयहरू भएका छन्। आयोगको निर्णय संख्या र तिनको विषयगत वर्गीकरण तालिका-४ मा उल्लेख गरिएको छ।

**तालिका-४ः आयोगका निर्णयहरूको विषयगत वर्गीकरण**

| क्र.सं. | निर्णयका विषयहरू | निर्णय संख्या |
|---|---|---|
| १ | बढुवा सम्बन्धी | ३ |
| २ | नीति-नियम सम्बन्धी | १ |
| ३ | परीक्षा, अन्तर्वार्ता र नतिजा सम्बन्धी | ९ |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी | ४ |
| ५ | विविध | ९ |
| | **जम्मा** | २६ |

## ३.४ निरीक्षण

प्रदेश निजामती सेवा र स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको नियुक्ति, बढुवा र विभागीय कारबाहीका क्रियाकलापहरू प्रचलित कानूनबमोजिम सम्पन्न भएका छन् वा छैनन् भन्ने सम्बन्धमा यस आयोगबाट प्रदेश तथा स्थानीय सरकारी निकायहरूको निरीक्षण गर्ने गरिएको छ। कार्यालयहरूको निरीक्षण गर्ने क्रममा उक्त निकायहरूको दरबन्दी संरचना, पदपूर्ति भएका, रिक्त दरबन्दी, पदपूर्तिका प्रकारहरू, अस्थायी, करार तथा ज्यालादारीमा भएका नियुक्तिहरू आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीको नियुक्ति र पदस्थापन भए वा नभएको लगायतका विषयहरूलाई आधार मानिन्छ। आर्थिक वर्ष २०८२/०८३ मा यस प्रदेश लोक सेवा आयोगको कार्यक्षेत्रभित्र पर्ने जम्मा ४ वटा स्थानीय तहहरूको निरीक्षण कार्य सम्पन्न भएको छ।

## ३.५ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८२/०८३ मा आयोगको लागि तीन वटा बजेट उपशिर्षकमा प्राप्त कुल बजेट रु. ८ करोड ९६ लाख ९४ हजार मध्ये ५२.८२ प्रतिशत बजेट खर्च भएको छ। आयोगका लागि स्वीकृत वार्षिक बजेटमध्ये चालु खर्चतर्फ पदाधिकारी सुविधा उपशीर्षकमा ४०.४६ प्रतिशत, प्रशासनिक खर्च उपशीर्षकमा ५७.५७ प्रतिशत र पुँजीगत खर्च उपशीर्षकमा १७.६५ प्रतिशत रकम खर्च भएको छ। आयोगको लागि विनियोजन भएको बजेट, निकासा र खर्च सम्बन्धी विवरण तालिका-५ मा उल्लेख गरिएको छ।

**तालिका-५: आयोगको लागि विनियोजित बजेट, निकासा र खर्च**

| क्र. सं. | बजेट उपशीर्षक नं. | कुल बजेट | आर्थिक वर्ष २०८२/०८३ | |
|---|---|---|---|---|
| | | | कुल खर्च | खर्च प्रतिशत |
| १. | प्रदेश लोक सेवा आयोग (२१०००१३-चालु) | ४८,८८,०००.०० | १९,७८,०४१.०० | **४०.४७** |
| २. | प्रदेश लोक सेवा आयोग प्रशासनिक खर्च समेत (२१००००११३-चालु) | ७,६२,१६,०००.०० | ४,३८,७९,७१९.९० | **५७.५७** |
| ३. | प्रदेश लोक सेवा आयोग प्रशासनिक खर्च समेत (२१००००११४-पूँजीगत) | ८५,९०,०००.०० | १५,१६,१८८.०० | **१७.६५** |
| | **जम्मा** | ८,९६,९४,०००.०० | ४,७३,७३,९४८.९० | **५२.८२** |

## ३.७ राजस्व र धरौटी

आर्थिक वर्ष २०८२/०८३ मा आयोगको कार्यालयबाट रु. ५ लाख २५ हजार ९ सय राजस्व सङ्कलन भएको छ। त्यस्तै आयोगको कार्यालयमा जम्मा रु.२ लाख ६६ हजार ५४० धरौटी मौज्दात रहेको छ। राजस्व र धरौटीको विवरण तालिका-६ मा उल्लेख गरिएको छ।

**तालिका-६ः आयोग कार्यालयबाट सङ्कलित राजस्व र धरौटी**

| कार्यालयको नाम | राजस्व रू. | धरौटी रू. |
|---|---|---|
| प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत | ५,२५,९००.०० | २,६६,५४०.०० |
| **जम्मा** | ५,२५,९००.०० | २,६६,५४०.०० |

## ३.८ राजस्व सङ्कलन

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस भएका उम्मेदवारको भाषागत स्थिति तालिका-५५ मा प्रस्तुत गरिएको छ।

**तालिका-५५ सिफारिस भएका उम्मेदवारको भाषागत विवरण**

| भाषा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| नेपाली | ७९ | १२३ | २०२ | ९३.५१% |
| मैथली | १ | १ | २ | ०.९२% |
| डोटेली | ० | २ | २ | ०.९२% |
| थारु | १ | २ | ३ | १.३८% |
| भोजपुरी | ० | ४ | ४ | १.८५% |
| बाजिका | ० | २ | २ | ०.९२% |
| अछामी | ० | १ | १ | ०.४६% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

### ७.२.८ सिफारिस उम्मेदवारको रोजगारीको स्थितिसम्बन्धी विवरण

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस भएका उम्मेदवारको रोजगारीको अवस्था तालिका-५६ मा प्रस्तुत गरिएको छ।

**तालिका-५६ सिफारिस भएका उम्मेदवारको रोजगारीको विवरण**

| रोजगारिको प्रकार | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| सरकारी सेवा | १४ | ११ | २५ | ११.५७% |
| बेरोजगार | ६३ | ११७ | १८० | ८३.३३% |
| अन्य पेशा | ४ | ७ | ११ | ५.०९% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

## ७.२.९ सिफारिस उम्मेदवारको वैवाहिक स्थितिसम्बन्धी विवरण

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस भएका उम्मेदवारको वैवाहिक स्थितिको वर्गीकरण तालिका-५७ मा प्रस्तुत गरिएको छ।

**तालिका-५७ सिफारिस भएका उम्मेदवारको वैवाहिक स्थितिको विवरण**

| वैवाहिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अविवाहित | ५३ | ११४ | १६७ | ७७.३१% |
| विवाहित | २८ | २१ | ४९ | २२.६८% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

## ७.२.१० सिफारिस उम्मेदवारको शैक्षिक संस्थाको प्रकार सम्बन्धी विवरण

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस भएका उम्मेदवारको शैक्षिक संस्थाको प्रकार सम्बन्धी तालिका-५८ मा प्रस्तुत गरिएको छ।

**तालिका-५८ सिफारिस भएका उम्मेदवारको शैक्षिक संस्थाको प्रकार सम्बन्धी विवरण**

| शैक्षिक संस्थाको प्रकार | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| विदेशी | १ | १ | २ | ०.९२% |
| संस्थागत निजी | २२ | २० | ४२ | १९.४४% |
| सामुदायिक (सरकारी) | ५८ | ११४ | १७२ | ७९.६२% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

## ७.२.११ सिफारिस उम्मेदवारहको शारीरिक अवस्था सम्बन्धी विवरण

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस भएका उम्मेदवारको शारीरिक अवस्था सम्बन्धी तालिका-५९ मा प्रस्तुत गरिएको छ।

**तालिका-५९ सिफारिस भएका उम्मेदवारको शारीरिक अवस्था सम्बन्धी विवरण**

| शारीरिक अवस्था | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अपाङ्गता नभएका | ८० | १३० | २१० | ९७.२२% |
| अपाङ्गता भएका | १ | ५ | ६ | २.७७% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

### ७.२.१२ सिफारिस उम्मेदवारको बाबु/आमाको शैक्षिक स्थिति

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका उम्मेदवारको दरखास्तमा उल्लिखित विवरण अनुसार उम्मेदवारको बाबु/आमाको शैक्षिक अवस्थाको स्थिति तालिका-६० मा प्रस्तुत गरिएको छ।

**तालिका-६० सिफारिस भएका उम्मेदवारको बाबु/आमाको शैक्षिक स्थिति**

| बाबु/आमाको शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| उच्च शिक्षा | १४ | ९ | २३ | १०.६४% |
| एसएलसी | १८ | २० | ३८ | १७.५९% |
| साक्षर | ४० | ६४ | १०४ | ४८.१४% |
| निरक्षर | ९ | ४२ | ५१ | २३.६१% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

### ७.२.१३ सिफारिस उम्मेदवारको अभिभावकको पेशा

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका उम्मेदवारको दरखास्तमा उल्लिखित विवरण अनुसार उम्मेदवारको अभिभावकको मुख्य पेशा तालिका-६१ मा प्रस्तुत गरिएको छ। जस अनुसार ७९.१६ प्रतिशत उम्मेदवारका अभिभावकको मुख्य पेशा कृषि रहेको देखिएको छ।

**तालिका-६१ सिफारिस भएका उम्मेदवारको अभिभावकको पेशा**

| अभिभावकको मुख्य पेशा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| कृषि | ५२ | ११९ | १७१ | ७९.१६% |
| सरकारी | १२ | ६ | १८ | ८.३३% |
| शिक्षण | ७ | ४ | ११ | ५.०९% |
| व्यापार | ८ | ३ | ११ | ५.०९% |
| अन्य | २ | ३ | ५ | २.३१% |
| **जम्मा** | **८१** | **१३५** | **२१६** | **१००** |

### ७.२.१४ उमेर समूह अनुसार सिफारिस विवरण

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका उम्मेदवारहरूमध्ये सबैभन्दा बढी उम्मेदवार १८ देखि २४ वर्ष उमेर समूहका ११७ जना र सबैभन्दा कम ३६ देखि ४२ वर्ष उमेर समूहका १ जना उम्मेदवार सिफारिस भएका थिए। यस सम्बन्धी विवरण तालिका-६२ मा प्रस्तुत गरिएको छ।

**तालिका-६२ उमेर समूह अनुसार सिफारिस भएका उम्मेदवारहरूको विवरण**

| उमेर समुह (वर्ष) / विज्ञापनको प्रकार | १८-२४ | २५-३० | ३१-३५ | ३६-४२ | जम्मा |
|---|---|---|---|---|---|
| आ.अ.से. | ० | ० | ४ | ० | ४ |
| खुला | ८६ | ६३ | ७ | १ | १५७ |
| खस आर्य | ९ | १० | ० | ० | १९ |
| खस आर्य महिला | ४ | ३ | ० | ० | ७ |
| आ.ज. | ५ | ३ | ० | ० | ८ |
| आ.ज. महिला | ० | १ | ० | ० | १ |
| दलित | ७ | २ | ० | ० | ९ |
| दलित महिला | १ | ० | ० | ० | १ |
| पि.क्षे. | २ | ३ | ० | ० | ५ |
| पि.क्षे. महिला | २ | ० | ० | ० | २ |
| मधेशी/मुस्लिम | १ | ० | ० | ० | १ |
| अपाङ्ग | ० | २ | ० | ० | २ |
| **जम्मा** | **११७** | **८७** | **११** | **१** | **२१६** |

### ७.२.१५ विज्ञापन अनुसार सिफारिस सम्बन्धी विवरण

आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशित भएका विज्ञापनहरूबाट आर्थिक वर्ष २०८२/०८३ मा जम्मा **२१६** जना उम्मेदवारहरू सिफारिस भएका छन्। यसको विस्तृत विवरण तालिका-६३ मा प्रस्तुत गरिएको छ।

## तालिका-६३ विज्ञापन अनुसार सिफारिस सम्बन्धी विवरण

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा/समूह/उपसमूह | तह | माग पद संख्या | सिफारिस संख्या |
|---|---|---|---|---|---|---|
| | | | **अप्राविधिक तर्फः** | | | |
| १. | ३०५/२०८१-०८२ | वरिष्ठ प्रशासन सहायक | प्रदेश प्रशासन/सामान्य प्रशासन | पाँचौं | ८ | ८ |
| २. | ३०६/२०८१-०८२ | प्रशासन सहायक/ लेखा सहायक | प्रशासन, प्रदेश/ स्थानीय सा.प्र./ लेखा | चौथो | ४ | ४ |
| ३. | ३०८-३१८/२०८१-०८२ | प्रशासन सहायक/ लेखा सहायक, | प्रशासन, प्रदेश/स्थानीय सा.प्र./लेखा | चौथो | ६० | ५९ |
| | | | **प्राविधिक तर्फः** | | | |
| १. | ५४२/२०८१-०८२ | सव-इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | पाँचौं | ६ | ६ |
| | | | प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | पाँचौं | ३ | ३ |
| | | | प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन | पाँचौं | १ | १ |
| २. | ५४३/२०८१-०८२ | सव-इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, वि.एण्ड आर्क. | पाँचौं | १ | १ |
| ३. | ५४५/२०८१-०८२ | पशु स्वास्थ्य प्राविधिक | प्रदेश कृषि, भेटेरीनरी | पाँचौं | २ | २ |
| | | पशु सेवा प्राविधिक | प्रदेश कृषि, ला.पो.डे.डे. | पाँचौं | २ | २ |
| ४. | ५४४/२०८१-०८२ | प्राविधिक सहायक | प्रदेश कृषि, एग्री.ईको.एण्ड मार्केटिङ्ग | पाँचौं | १ | १ |
| | | | प्रदेश कृषि, कृषि प्रसार | पाँचौं | १ | १ |
| | | | प्रदेश कृषि, बागवानी | पाँचौं | २ | २ |
| | | | प्रदेश कृषि, बाली संरक्षण | पाँचौं | १ | १ |
| | | | प्रदेश कृषि, बाली विकास | पाँचौं | १ | १ |
| ५. | ५४१/२०८१-०८२ | तथ्याङ्क सहायक/मेडिकल रेकर्ड सुपरभाईजर | प्रदेश आ.यो.त./तथ्याङ्क | पाँचौं | २ | |
| ६. | ५४७/२०८१-०८२ | असिस्टेण्ट बोटानिष्ट | प्रदेश वन, बोटानी | पाँचौं | १ | १ |
| ७. | ५४८/२०८१-०८२ | प्राविधिक सहायक | प्रदेश शिक्षा, शिक्षा प्रशासन | पाँचौं | १ | १ |
| ८. | ५४६/२०८१-०८२ | रेञ्जर | प्रदेश वन, जनरल फरेष्ट्री | पाँचौं | ५ | ५ |
| | | जलाधार संरक्षण सहायक | प्रदेश वन, स्वायल एण्ड वाटर कन्जरभेशन | पाँचौं | २ | २ |
| | | रेञ्जर | प्रदेश वन, फरेष्ट रिसर्च | पाँचौं | १ | १ |

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा/समूह/उपसमूह | तह | माग पद संख्या | सिफारिस संख्या |
|---|---|---|---|---|---|---|
| ९. | ५५०/२०८१-०८२ | फिजियोथेरापी सहायक | प्रदेश स्वास्थ्य, फिजियोथपेरापी | पाँचौं | १ | १ |
| १०. | ५६६/२०८१-०८२ | डायलासिस टेक्निसियन | प्रदेश स्वास्थ्य, विविध, डायलासिस | पाँचौं | १ | १ |
| ११. | ५५२/२०८१-०८२ | फार्मेसी सुपरभाइजर | प्रदेश स्वास्थ्य, फार्मेसी | पाँचौं | १ | १ |
| १२. | ५५७/२०८१-०८२ | पब्लिक हेल्थ नर्स | प्रदेश स्वास्थ्य, क.न. | पाँचौं | १ | १ |
| १३. | ५५३/२०८१-०८२ | स्टाफ नर्स | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ्ग | पाँचौं | २१ | २१ |
| १४. | ५५४/२०८१-०८२ | स्टाफ नर्स | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ्ग | पाँचौं | १ | १ |
| १५. | ५५५/२०८१-०८२ | स्टाफ नर्स | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ्ग | पाँचौं | १ | १ |
| १६. | ५५६/२०८१-०८२ | स्टाफ नर्स | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ्ग | पाँचौं | १ | १ |
| १७. | ५५८/२०८१-०८२ | ईसिजि टेक्निसियन | प्रदेश स्वास्थ्य, विविध, ईसिजि | पाँचौं | १ | १ |
| १८. | ५४९/२०८१-०८२ | रेडियोग्राफर | प्रदेश स्वास्थ्य, रेडियोग्राफी | पाँचौं | १ | १ |
| १९. | ५६१/२०८१-०८२ | हेल्थ असिष्टेण्ट | प्रदेश स्वास्थ्य, हे.ई. | पाँचौं | १ | ० |
| २०. | ५६२/२०८१-०८२ | हेल्थ असिष्टेण्ट | प्रदेश स्वास्थ्य, हे.ई. | पाँचौं | १ | ० |
| २१. | ५६३/२०८१-०८२ | हेल्थ असिष्टेण्ट | प्रदेश स्वास्थ्य, हे.ई. | पाँचौं | ३ | ३ |
| २२. | ५६०/२०८१-०८२ | कविराज | प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | पाँचौं | १ | १ |
| २३. | ५६४/२०८१-०८२ | ल्याव टेक्निसियन | प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | पाँचौं | १ | ० |
| २४. | ५६५/२०८१-०८२ | ल्याव टेक्निसियन | प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | पाँचौं | २ | २ |
| २५. | ५५१/२०८१-०८२ | वायोमेडिकल इकुपमेन्ट टेक्निसियन | प्रदेश स्वास्थ्य, विविध, वायोमेडिकल इकुपमेन्ट | पाँचौं | १ | १ |
| २६. | ५५९/२०८१-०८२ | एनेस्थेसिया सहायक | प्रदेश स्वास्थ्य, विविध, एनेस्थेसिया | पाँचौं | १ | १ |
| २७. | ५८६-५९४/ २०८१-०८२ | अ.न.मी. | प्रदेश/स्थानीय स्वास्थ्य, कम्यूनिटी नर्सिङ्ग | चौथो | ३० | २२ |
| २८. | ५६९/ २०८१-०८२ | खा.पा.स.टे. | स्थानीय प्रशासन, सिभिल, स्यानिटरी | चौथो | १ | १ |
| २९. | ६०१/ २०८१-०८२ | वैद्य | प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | चौथो | १ | १ |
| ३०. | ५७०-५७२/ २०८१-०८२ | नायव प्राविधिक सहायक | प्रदेश/स्थानीय कृषि, समूहकृत नहुने, बागवानी | चौथो | ५ | ४ |

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा/समूह/उपसमूह | तह | माग पद संख्या | सिफारिस संख्या |
|---|---|---|---|---|---|---|
| ३१. | ६०२/२०८१-०८२ | ल्याव असिष्टेन्ट | प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | चौथो | १ | १ |
| ३२. | ५७९-५८५/ २०८१-०८२ | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्रि | चौथो | १६ | १३ |
| ३३. | ५९५-६००/२०८१-०८२ | अ.हे.ब. | प्रदेश/स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | चौथो | १४ | १३ |
| ३४. | ५६७-५६८/ २०८१-०८२ | अमिन | स्थानीय इन्जिनियरिङ, सर्भे | चौथो | २ | २ |
| ३५. | ५७३-५७७/ २०८१-०८२ | ना.प.से.प्रा./ना.प.स्वा.प्रा. | प्रदेश/स्थानीय कृषि, ला.पो.डे.डे., भेटेरिनरी | चौथो | १९ | १९ |

### ७.२.१६ वैकल्पिक सिफारिस

आर्थिक वर्ष २०८२/०८३ को अवधिमा विभिन्न सेवा, समूहका विभिन्न तहमा खुला तथा समावेशी प्रतियोगितातर्फ कुल ३२ जना उम्मेदवारहरू वैकल्पिक सिफारिस गरिएको छ।

**तालिका-६४: वैकल्पिक सिफारिस सम्बन्धी विवरण**

| सेवा | तह | सिफारिस संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| कृषि | सातौं | ० | ९ | ९ |
| इन्जिनियरिङ | सातौं | ० | ३ | ३ |
| प्रशासन | पाँचौं | ० | १ | १ |
| इन्जिनियरिङ | पाँचौं | ० | १ | १ |
| प्रशासन | चौथो | ४ | ९ | १३ |
| कृषि | चौथो | १ | २ | ३ |
| इन्जिनियरिङ | चौथो | ० | २ | २ |
| जम्मा | | **५** | **२७** | **३२** |

### ७.२.१७ अस्थायी योग्यताक्रमबाट सिफारिस संख्या

आर्थिक वर्ष २०८२/०८३ को अवधिमा विभिन्न सेवा, समूहका विभिन्न तहमा कुल **५२** जना अस्थायी सूचीका उम्मेदवारहरू सिफारिस गरिएको छ।

## तालिका-६५ः अस्थायी सिफारिस सम्बन्धी विवरण

| तह, सेवा, समूह, पद | सिफारिस संख्या |
|---|---|
| चौथो, स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग, अ.न.मी. | ४ |
| चौथो, स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन, अ.हे.व. | ५ |
| चौथो, कृषि, एकीकृत, नायब प्राविधिक | ११ |
| चौथो, स्वास्थ्य, मेल्याटे/जमेल्याटे, ल्याब असिष्टेन्ट | ३ |
| चौथो, स्थानीय प्रशासन, सामान्य प्रशासन, प्रशासन सहायक | १३ |
| चौथो, स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, असिष्टेन्ट सब- इन्जिनियर | ६ |
| पाँचौं, स्वास्थ्य, फार्मेसी, फार्मेसी सहायक | ३ |
| पाँचौं, स्वास्थ्य, मेल्याटे/जमेल्याटे, ल्याब टेक्निसियन | ५ |
| सातौं, स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, इन्जिनियर | २ |
| **जम्मा** | **५२** |

## परिच्छेद-८

# साङ्गठनिक सुधार र नवीन प्रविधि

## ८.१ पूर्वाधार विकास

आयोगले साविकको घरेलु समितिको कार्यालयको भवन प्राप्त गरी सो भवनबाट आफ्नो कार्यहरू सञ्चालन गरिरहेको छ भने जग्गा प्राप्तिको लागि प्रक्रिया अगाडि बढाएको छ। हाल आयोगकको परिसरभित्र दुई तले भवन समेत थपिएको छ। आयोगमा चारपाङ्ग्रे ४ वटा र दुईपाङ्ग्रे १० वटा सवारी साधन प्रयोगमा छन्। आयोगले लिखित परीक्षाको वस्तुगत उत्तरपुस्तिका परीक्षण गर्ने ओ.एम.आर. (OMR) मेसिन २ वटा, प्रश्नपत्र छपाइ मेसिन २ वटा, उपलब्ध बजेटको सिमाभित्र रही फर्निचर, कम्प्युटर, प्रिन्टर र फोटोकपी मेसिन लगायतका आयोगको कार्यसम्पादनका लागि अत्यावश्यक सामग्रीहरू प्रयोगमा ल्याइएको छ।

## ८.२ प्रविधिको प्रयोग र स्वचालित कार्यपद्धति

### ८.२.१ अनलाइन प्रणाली

आयोगको स्थापनासँगै आयोगका सबै क्रियाकलापहरूलाई कम्प्युटर प्रणालीमा आवद्ध तथा अटोमेशन गर्ने सोचका साथ कार्यहरू आरम्भ गरिएको थियो। विज्ञापन प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त दस्तुर प्राप्त गर्ने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, स्वीकृत नामावली तयार गर्ने, परीक्षा केन्द्र तोक्ने, लगायतका कार्यहरू अनलाइन प्रणाली मार्फत सम्पादन गर्ने गरी आयोगले पदपूर्ति प्रणाली निर्माण गरी प्रयोगमा ल्याएको छ। उम्मेदवारले दरखास्त दस्तुर बुझाउँदा नै वास्तविक समय (Real Time) मा महालेखा नियन्त्रकको कार्यालयले तोकेको राजस्व खातामा रकम जम्मा हुने गरी उक्त कार्यालयसँगको सहकार्यमा Revenue Management Information System (RMIS) प्रणालीलाई आयोगको अनलाइन प्रणालीसँग आवद्ध गरी E-Payment प्रणाली कार्यान्वयनमा ल्याइएको छ। यसरी दरखास्त दस्तुर सङ्कलन गर्दा एकै समयमा महालेखा नियन्त्रक कार्यालयको RMIS प्रणालीमा राजस्व रकम दाखिला हुने र आयोगको अनलाइन प्रणालीमा उम्मेदवारले दस्तुर बुझाएको विवरण प्रविष्टि हुने भएकोले दोहोरो कार्य गर्नु पर्ने झन्झट निवारण भइ आयोगबाट हुने कार्य छरितो र सहज समेत भएको छ।

आयोगबाट सम्पादन गरिने विज्ञापन प्रकाशनदेखि सिफारिससम्मका सबै कार्यहरूलाई क्रमशः अनलाइन प्रणालीमा आबद्ध गर्ने लक्ष्य अनुसार अनलाइन प्रणालीमा आबद्ध गर्न बाँकी रहेका

कार्यहरू जस्तैः लिखित परीक्षामा सहभागी भएका, लिखित परीक्षामा सफल भएका, अन्तर्वार्तामा उपस्थित भएका, सिफारिस भएका, कारबाहीमा परेका उम्मेदवारको विवरण लगायतका तथ्याङ्कहरू यस प्रणालीमा प्रविष्टि गरी स्वचालित बनाउने गरी कार्य प्रारम्भ गरिएको छ। यसका साथै आयोगको अनलाइन प्रणालीलाई कर्णाली प्रदेशको राजस्व व्यवस्थापन प्रणालीसँग आवद्ध गरी भर्सन १ प्रणालीबाट भर्सन २ प्रणालीमा परिस्कृत गरी Mobile Wallet (E-sewa, Khalti and Connect IPS) लगायतका माध्यमहरूको प्रयोगबाट उम्मेदवारहरूले दरखास्त दस्तुर बुझाउन सक्ने प्रणालीको कार्यान्वयन गरिएको छ।

### ८.२.२ वेबसाइट

आयोगको कामकारबाहीको जानकारी तथा सूचना प्रवाह गर्न र उम्मेदवारहरूले सहज रूपमा दरखास्त पेश गर्न https://ppsc.karnali.gov.np वेबसाइट निर्माण गरी प्रयोगमा ल्याइएको छ। आयोगका काम कारबाहीहरू उक्त वेबसाइट मार्फत जानकारी तथा सूचना प्रवाह हुदै आएका छन् भने https://ppsconline.karnali.gov.np बाट पदपूर्ति व्यवस्थापन प्रणाली सम्बन्धी सेवा प्रवाह गर्दै आइएको छ। पदपूर्ति व्यवस्थापन प्रणाली मार्फत दरखास्त फाराम सङ्कलन, परीक्षा भवन व्यवस्थापन, जनशक्ति व्यवस्थापन गर्ने जस्ता कार्यहरू गरिएको छ।

## ८.३ सूचना प्रवाह

आयोगले आफ्ना क्रियाकलापहरूको सूचना प्रवाह गर्न माथि उल्लिखित व्यवस्थाका अतिरिक्त आयोगको विज्ञापनसम्बन्धी सूचनाहरू गोरखापत्र राष्ट्रिय दैनिक र आयोगको वेबसाइटमा प्रकाशित गर्नुका साथै आयोगमा सृजित सूचनाहरू वेबसाइट र सूचनापाटीमा समेत टाँस गर्ने गरिएको छ।

## ८.४ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन

प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा मिति २०८१ फाल्गुन २३ र २४ गते लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलन "योग्यता, निष्पक्षता र स्वच्छताः लोक सेवा आयोगहरूको प्रतिबद्धता" भन्ने मूलनारा सहित कोशी प्रदेशको विराटनगरमा सम्पन्न भएको थियो। उक्त सम्मेलनमा लोक सेवा आयोगबाट अवलम्बित तथा स्थापित सिद्धान्त तथा मूल्य, मान्यता, योग्यता, स्वच्छता र निष्पक्षताको परिपालना गर्दै निरन्तरता कायम गर्ने प्रतिवद्धता व्यक्त गर्नुका साथै ४ बुँदे घोषणापत्र र ६ बुँदे निर्णय सार्वजनिक गरिएको थियो। घोषणापत्रमा उल्लिखित बुँदाहरू अनुसूची-३ मा राखिएको छ।

## ८.५ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन

सात वटै प्रदेशका प्रदेश लोक सेवा आयोगका पदाधिकारी र कर्मचारीहरूको सहभागितामा मिति २०८१ फागुन २३ र २४ गते प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलन कोशी प्रदेशको विराटनगरमा सम्पन्न भएको थियो। उक्त सम्मेलनमा प्रदेश लोक सेवा आयोगहरूले स्थापनाकाल देखि हालसम्म सम्पादन गरेका कार्यप्रगति, कार्यसम्पादन गर्दा आईपरेका समस्या र चुनौतीको सम्बन्धमा छलफल गर्दै आगामी दिनमा प्रदेश लोक सेवा आयोगलाई अझ सक्षम, सबल बनाउने, लोक सेवा आयोगका मूल्य मान्यताको पालना गर्दै एक आपसमा समन्वय र सहकार्य गर्ने प्रतिवद्धता जाहेर गरिएको थियो। प्रदेशस्तरका विभिन्न पदको लिखित परीक्षाको पाठ्यक्रम निर्माण, परीक्षा सञ्चालन, नतिजा प्रकाशन, बढुवा लगायत विभिन्न विषयमा एकरूपता कायम गर्ने सम्बन्धमा ६ बुँदे घोषणापत्र र ९ बुँदे निर्णय सार्वजनिक गरिएको। घोषणापत्रमा उल्लिखित बुँदाहरू अनुसूची-४ मा राखिएको छ।

## ८.६ रणनीतिक योजनाको कार्यान्वयनको स्थिति

आयोगको गरिमा, विश्वास र भरोसालाई उचो राख्दै कामकारबाहीलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउनको लागि विगतको अनुभव, वर्तमानको यथार्थ स्थिति र अवसर तथा चुनौतीहरूको अध्ययन विश्लेषणका आधारमा आयोगबाट सम्पादन हुने कार्यलाई बढी व्यवस्थित तथा योजनावद्ध बनाउने उद्देश्यका साथ आर्थिक वर्ष २०८२/०८३ देखि २०८६/०८७ सम्म कार्यान्वयन हुने गरी आयोगको प्रथम रणनीतिक योजना तर्जुमा गरिएको छ।

परिच्छेद-९

# परामर्श, राय सुझाव र उजुरी

## ९.१ परामर्श र राय सुझाव

आर्थिक वर्ष २०८२/०८३ मा कुनै पनि राय सुझाव तथा परामर्श प्रदान नगरिएको ।

## ९.२ प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाइ परेका रिट निवेदन

आर्थिक वर्ष २०८२/०८३ मा आयोगलाई विपक्षी बनाई कुनै पनि रिट निवदेन नपरेको।

परिच्छेद-१०

# आयोगको जिम्मेवारी निर्वाहमा देखा परेका समस्या र चुनौतीहरू

## प्रमुख समस्याहरू

आयोगको स्वामित्वमा जग्गा र भवन नहुनु तथा भएको भौतिक संरचना पनि कार्यसम्पादनका लागि पर्याप्त नहुनु, आयोगको कामकारबाहीसँग सम्बन्धित ऐन, कानूनहरू समयानुकूल परिमार्जन हुन नसक्नु, प्रदेशस्तरमा पर्याप्त विषय विज्ञ वा दक्ष उपलब्ध नहुँदा पाठ्यमक्रम तथा प्रश्नपत्र निर्माण, प्रश्न पत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण लगायतका कार्य सम्पादनमा कठिनाइ हुनु, सबै प्रदेशमा एकरुपता हुने गरी तयार गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नहुँदा लोक सेवा आयोगहरूको बैठकबाट प्रस्तावित सङ्गठन संरचना लागू गर्न नसकिनु, आयोगको पदपूर्ति लगायतका विषयमा अदालतमा मुद्दा पर्दा काम कारबाही प्रभावित हुनु, सघं, अन्य प्रदेश र स्थानीय तहका समान तहमा सिफारिस भएका उमेदवारहरूको विवरण भिडानगर्न कठिनाइ हुनु, रिक्त पदको पदपूर्तिको लागि समयमा नै माग प्राप्त हुन नसक्नु आयोगको कार्यसम्पादनको क्रममा देखिएका प्रमुख समस्याहरू हुन।

## चुनौतीहरू

आयोगको छवि र साख अभिवृद्धि गर्नु, योग्यता, निष्पक्षता र स्वच्छता कायम राख्नु, आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्नु, आयोगमा सूचना प्रविधिको विस्तार र सुरक्षित प्रयोग गर्नु, परामर्श र उजुरी सुनुवाईलाई गुनासो रहित र वस्तुनिष्ठ बनाउनु, लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोगहरू, प्रदेश सरकार तथा स्थानीय तह र अन्य सरोकारवालासँगको समन्वय र सहकार्य प्रभावकारी बनाउनु, आयोगको अधिकार क्षेत्रको विषयमा अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउनु, विद्यालय र विश्विविद्यालयका उत्कृष्ट तथा प्रतिभावानव्यक्तिलाई सरकारी सेवामा आकर्षित गर्नु र संघ र प्रदेशको सेवाका शर्त सम्बन्धी कानूनमा एकरुपता कायम गर्नु आयोगका चुनौतीका रुपमा पहिचान गरिएको छ।

## परिच्छेद-११

# गत आर्थिक वर्षको प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयनको अवस्था

| सुझाव | कार्यान्वयनको अवस्था |
|---|---|
| प्रदेश सरकारका निकायहरू र स्थानीय तहहरूले छ महिनाभन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ५३ बमोजिम आयोगको सिफारिसमा गर्नुपर्ने व्यवस्थालाई अनिवार्य पालना गर्नुपर्ने। | प्रदेश सरकारका निकायहरू र स्थानीय तहहरूले अस्थायी उम्मेदवार सिफारिस गरिदिन अनुरोध भई आएको । |
| आयोगको कामकारबाहीसँग सम्बन्धित ऐन, कानूनहरू समयानुकूल परिमार्जन गर्नुपर्ने। | प्रदेश निजामती सेवा ऐन २०८० र स्थानीय सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ को संशोधन भई सोही बमोजिम आयोगको निर्देशिका संशोधन भएको। |
| प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा बढुवामा आवेदन गर्न तालिम लिएको हुनुपर्ने कानुनी व्यवस्थाका कारणले तालिम लिन नपाएका कर्मचारीले बढुवामा आवेदन गर्न नपाएको हुँदा बढुवाको लागि न्यूनतम सेवा अवधि पुगेका कर्मचारीलाई अनिवार्य तालिमको व्यवस्था गर्नुपर्ने। | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट सेवा प्रवेश र सेवाकालीन तालिम सञ्चालन हुँदै आएको। |
| आयोगले प्रयोग गरिरहेको जग्गा र भवन आफ्नो स्वामित्वमा ल्याउन प्रदेश सरकारले आवश्यक सहयोग गर्नुपर्ने। | आयोगको स्वामित्वमा जग्गा प्राप्ती हुन नसकेको। |
| प्रदेश लोक सेवा आयोग कामको प्रकृति अनुकुल (कोडिङ्ग गर्न, प्रश्नपत्र परिमार्जन र नतिजा प्रकाशन शाखाका कर्मचारीहरूलाई रात्रीकालीन आवास, अन्य शाखागत कार्यकक्षको लागि तथा आयोगको बैठक सञ्चालन गर्न पर्याप्त ठाउँ भएको) भवन निर्माण गर्नुपर्ने। | नयाँ भवन निर्माण भएको । |
| विश्वविद्यालय र क्याम्पससँग समन्वय गरी कम्तिमा हजार जना परीक्षार्थीको परीक्षा सञ्चालन गर्न सक्ने क्षमताको परीक्षा भवन निर्माण गर्नुपर्ने। | आयोगमा करिव १०० परीक्षार्थी क्षमता भएको परीक्षा हल निर्माण भएको। |
| आयोगमा पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाइएको निकायको रिक्त पदमा सरूवा (कामकाज बाहेक) गर्न नहुने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक व्यवस्था भएको । |
| रिक्त पदको पदपूर्तिको लागि समयमा नै माग प्राप्त हुनुपर्ने। | आंशिक रुपमा मात्र समयमा रिक्त पदको जानकारी प्राप्त हुने गरेको। |
| आयोगको कार्यालयको सुरक्षाको प्रबन्धलाई निरन्तरता दिनुपर्ने। | निरन्तर प्रकृयामा रहेको। |

## परिच्छेद-१२

# सुझावहरू

- यस आर्थिक वर्षमा आयोगको वार्षिक कार्यतालिका बमोजिम पदपूर्ति हुन नसकेका प्रदेश निजामती सेवाका रिक्त पदमा यथाशिघ्र पदपूर्तिका लागि माग गरी पठाउनुपर्ने।
- प्रदेश लोक सेवा आयोगहरूको संगठन संरचनामा एकरूपता ल्याउन लोक सेवा आयोगका सहसचिवको संयोजकत्वमा गठित समितिद्वारा तयार गरिएको मस्यौदा प्रतिवेदन आयोगले स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएको आयोगको प्रस्तावित संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत हुनुपर्ने।
- आयोगमा रिक्त रहेको एक जना पदाधिकारीको पद प्रदेश लोक सेवा आयोग ऐन, २०७५ बमोजिम यथाशिघ्र पदपूर्ति गरी आयोगलाई पूर्णता दिनुपर्ने ।
- आयोगको कार्यवोझ र संवेदनशीलतालाई दृष्टिगत गरी आयोगमा दरबन्दी रहेका पदहरूमा पदपूर्तिको व्यवस्था हुनुपर्ने ।
- आयोगको कार्यसञ्चालनको लागि भवन अपर्याप्त भएको हुँदा नवनिर्मित भवनमा तला थपका लागि बजेट व्यवस्थापन हुनुपर्ने।
- आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार तोकिएको समयमा माग आकृति फाराम प्राप्त गर्नुपर्ने ।
- आयोगले हाल भोगचलन गरिरहेको जग्गा र भवन आयोगको स्वामित्वमा ल्याउन सम्बन्धित निकायहरूबाट आवश्यक सहयोग हुनुपर्ने।
- आयोगको कार्यप्रकृति एवम् संवेदनशीलतालाई ध्यानमा राखि सुरक्षा व्यवस्थाका लागि प्रहरी परिचालन गरिदिन कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका कर्मचारीहरूलाई सेवा प्रवेश तालिमको व्यवस्था हुनुपर्ने।
- आयोगको कार्यक्षेत्र अन्तर्गत दरबन्दीका विभिन्न पदहरूमा लामो समय देखि अस्थायी र करार सेवा मार्फत काममा लगाउने कार्यलाई निरूत्साहित गरि स्थायी पदपुर्तीको प्रक्रियामा लैजानुपर्ने।

अनुसूची-१

# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

## आर्थिक वर्ष २०८२/०८३ को प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका

<table>
<tr><th>क्र. सं.</th><th>तह</th><th colspan="2">पदपूर्तिको किसिम</th><th>माग संकलन तथा प्रतिशत निर्धारण</th><th>विज्ञापन/ सूचना प्रकाशन</th><th>परीक्षा सञ्चालन</th><th>लिखित परीक्षा नतिजा प्रकाशन</th><th>अन्तर्वार्ता र सिफारिस</th></tr>
<tr><td>(क)</td><td colspan="8">आर्थिक वर्ष २०८१/०८२ को निरन्तर पदपूर्ति कार्यक्रम</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">प्रदेश निजामती सेवा सहायकस्तर पाँचौं तहका अप्राविधिक तथा प्राविधिक पदहरू</td><td rowspan="3">खुला, अ.त.प्र. र आ.अ.स.प्र.</td><td>प्रारम्भिक</td><td rowspan="3">भैसकेको</td><td rowspan="3">भैसकेको</td><td rowspan="3">भैसकेको</td><td>भैसकेको</td><td rowspan="3">साउन/भदौ</td></tr>
<tr><td>प्रथम पत्र</td><td rowspan="2">असार/साउन</td></tr>
<tr><td>द्वितीय पत्र</td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">प्रदेश निजामती सेवा र स्थानीय सेवाका सहायकस्तर चौथो तहका अप्राविधिक तथा प्राविधिक पदहरू</td><td rowspan="3">खुला र आ.अ.से.प्र.</td><td>प्रारम्भिक</td><td rowspan="3">भैसकेको</td><td rowspan="3">भैसकेको</td><td>भैसकेको</td><td>भैसकेको</td><td rowspan="3">असोज/कार्तिक</td></tr>
<tr><td>प्रथम पत्र</td><td rowspan="2">साउन</td><td rowspan="2">भदौ/असोज</td></tr>
<tr><td>द्वितीय पत्र</td></tr>
<tr><td>३</td><td colspan="8">प्रदेश निजामती सेवा अन्तर्गत शिक्षा सेवाको नवौं तह, प्रदेश निजामती सेवा र स्थानीय सेवा अन्तर्गत स्वास्थ्य सेवाको आठौं तह, प्रदेश निजामती सेवा अन्तर्गत स्वास्थ्य सेवाको सातौं र पाँचौं तहको विगतका वर्षमा विज्ञापन भई अदालतमा मुद्दा विचाराधीन रही पदपूर्ति प्रक्रिया रोकिएका पदहरूको हकमा आदेश प्राप्त भएमा पदपूर्ति प्रक्रिया सञ्चालन गरिनेछ।</td></tr>
</table>

| क्र. सं. | तह | पदपूर्तिको किसिम | | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन/ सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा प्रकाशन | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| (ख) | आर्थिक वर्ष २०८२/०८३ को प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | एघारौं (अप्राविधिक/प्राविधिक) | बढुवा | | साउन | भदौ अन्तिम मङ्गलबार | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |
| २ | नवौं (अप्राविधिक/प्राविधिक) | बढुवा | | | | | | |
| | | खुला, अ.त.प्र., आ.अ.से.प्र. र आ.अ.स.प्र. | प्रथम पत्र | | | मंसिर/पुस | माघ/फागुन | चैत/वैशाख |
| | | | द्वितीय पत्र | | | | | |
| ३ | आठौं (प्राविधिक) | खुला | | भदौं | असोज अन्तिम मङ्गलबार | माघ/फागुन | वैशाख/जेठ | जेठ/असार |
| ४ | सातौं (अप्राविधिक/प्राविधिक) | बढुवा | | | | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |
| | | खुला, अ.त.प्र., आ.अ.से.प्र. र आ.अ.स.प्र. | प्रारम्भिक | | | मंसिर | मंसिर/पुष | वैशाख/जेठ |
| | | | प्रथम पत्र | | | पुष/माघ | चैत/वैशाख | |
| | | | द्वितीय/तृतीय पत्र | | | | | |
| ५ | पाँचौ (अप्राविधिक/प्राविधिक) | बढुवा | | असोज | कार्तिक अन्तिम मङ्गलबार | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |
| | | खुला, अ.त.प्र. र आ.अ.स.प्र. | प्रारम्भिक | | | पुष | पुष/माघ | जेठ/असार |
| | | | प्रथम पत्र | | | माघ/फागुन | वैशाख/जेठ | |
| | | | द्वितीय पत्र | | | | | |
| ६ | चौथो (अप्राविधिक/प्राविधिक) | बढुवा | | कार्तिक | | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |

| क्र. सं. | तह | पदपूर्तिको किसिम | | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन/ सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा प्रकाशन | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| | | खुला र आ.अ.से.प्र. | प्रारम्भिक | | मंसिर अन्तिम मङ्गलबार | माघ | माघ/फागुन | साउन/भदौ |
| | | | प्रथम पत्र | | | फागुन/चैत | असार/साउन | |
| | | | द्वितीय पत्र | | | | | |
| ७ | सहायक तेस्रो (वन रक्षक) | खुला | शारीरिक परीक्षण | मंसिर | पुष अन्तिम मङ्गलबार | फागुन/चैत | | भदौ/असोज |
| | | | द्वितीय पत्र | | | जेठ | असार/साउन | |

**<u>द्रष्टव्यः-</u>**

१. प्रदेश सरकार तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत् सम्बन्धी कामकारबाही कार्यतालिका बमोजिम हुने छैन।

२. अदालतको आदेश तथा फैसला कार्यान्वयन गर्ने क्रममा बाहेक सामान्यतया उल्लिखित कार्यतालिकामा हेरफेर गरिने छैन।

३. यो कार्यतालिका मिति २०८२/०४/०१ गतेदेखि लागू हुनेछ।

संक्षेपीकरणः- अ.त.प्र.=अन्तर तह प्रतियोगिता, आ.अ.से.प्र.= आन्तरिक अन्तर सेवा प्रतियोगिता, आ.अ.स.प्र.= आन्तरिक अन्तर समूह प्रतियोगिता

अनुसूची-२

# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

## आर्थिक वर्ष २०८२/०८३ को प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदपूर्तिसम्बन्धी संशोधित वार्षिक कार्यतालिका

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन/ सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा प्रकाशन | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०८२।०८३ को पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | स्थानीय सेवाको सहायकस्तर पाँचौं तहका अप्राविधिक तथा प्राविधिक पदहरू | बढुवा | भैसकेको | जेठ | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |
| २ | स्थानीय सेवाको सहायकस्तर पाँचौं तहको स्वास्थ्य सेवाका पदहरू | बढुवा | भैसकेको | जेठ | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |
| | | आन्तरिक प्रतियोगिता | भैसकेको | जेठ | साउन/भदौ | भदौ/असोज | असोज/कार्तिक |
| ३ | प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको सहायकस्तर चौथो तहका अप्राविधिक पदहरू | बढुवा | भैसकेको | जेठ | बढुवा समितिको कार्यतालिका बमोजिम हुने | | |
| | | आन्तरिक प्रतियोगिता | भैसकेको | जेठ | साउन/भदौ | भदौ/असोज | असोज/कार्तिक |

**द्रष्टव्यः-**

१. अदालतको आदेश/फैसला, फैसला कार्यान्वयनको क्रममा तथा आयोगले विशेष परिस्थितिमा उल्लिखित कार्यतालिकामा हेरफेर गर्न सक्नेछ।

२. यो कार्यतालिका मिति २०८३।०२।०५ गते देखि लागु हुनेछ।

मितिः२०८३।०२।०५ गतेको आयोगको निर्णयबाट संशोधित

## अनुसूची-३

## लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलनको घोषणा पत्र

लोक सेवा आयोगको प्रतिबद्धता: प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता

# लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन

२०८२ चैत्र २९ र ३० गते, पोखरा, गण्डकी प्रदेश, नेपाल

### घोषणापत्र

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका हामी पदाधिकारीहरू

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारीलाई अंगिकार गर्दै,

आयोगहरूले अबलम्बन गरेका असल अभ्यासलाई आत्मसात गरी,

साझा सवाल र चुनौतीहरुलाई समाधान गर्न साझा धारणा स्वीकार्दै,

पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरुपता ल्याउन प्रतिबद्ध हुँदै,

पहिलो सम्मेलन देखि पाँचौं राष्ट्रिय सम्मेलनहरुबाट पारित भएका प्रतिबद्धता तथा निर्णयहरू कार्यान्वयन गर्ने प्रण गर्दै,

सङ्घीयताको मर्म र भावना अनुकूल सार्वजनिक प्रशासनमा उपयुक्त जनशक्ति आकर्षण गर्न, प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट योग्य र सक्षम उमेदवार छनोट र सिफारिस गर्न तथा योग्यता प्रणालीको सुदृढ गर्न योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिताको सिद्धान्त प्रति प्रतिबद्ध भई यो घोषणापत्र जारी गर्दछौं ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहोरा | बसन्ती कुमारी सिंह शाही | हरिप्रसाद बस्याल | महेश्वर श्रेष्ठ | शिवराम यादव | महेन्द्रप्रसाद गुरागाई | विष्णुप्रसाद नेपाल | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | का.वा.अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | लोक सेवा आयोग |

इति संवत् २०८२ साल चैत्र ३० गते रोज २ शुभम् ।

# अनुसूची-४
# प्रदेश लोक सेवा आयोगहरूको सम्मेलनको घोषणापत्र

## प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनबाट पारित जनकपुरधाम घोषणापत्र,२०८२

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगहरूबाट प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र सङ्गठित संस्थाका पदहरूमा योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीताका आधारहरूलाई अङ्गीकार गरी उपयुक्त उम्मेदवार छनोट तथा सिफारिस गर्न प्रतिबद्ध हुँदै,

प्रदेश लोक सेवा आयोगका परीक्षण विधि तथा कार्यविधिलाई व्यवस्थित गरी अझ बढी प्रभावकारी र समसामयिक बनाउन कार्य सम्पादनबाट प्राप्त अनुभवहरूलाई एकआपसमा साझा गर्दै,

समान अवधारणा निर्माण गर्ने अभिप्रायले पूर्व सम्मेलनहरूबाट जारी भएका घोषणापत्रहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै २०८२ मङ्सिर १८ र १९ गते मधेश प्रदेशको जनकपुरधाममा सम्पन्न सम्मेलनमा उपस्थित प्रदेश लोक सेवा आयोगका हामी पदाधिकारीहरू आ-आफ्नो कार्य सम्पादनमा निष्पक्षता र स्वच्छतालाई प्रवर्द्धन गर्न देहायका प्रतिबद्धता सहितको घोषणापत्र जारी गर्दछौं :

१. नेपालको संविधान, सङ्घीयताको मूल मर्म र भावना एवम् कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था समेतका आधारमा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेबावाट क्रमशः प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको भर्ना तथा पदस्थापन र तहाँ कार्यरत कर्मचारीहरूको पदसोपान सहितको वृत्ति विकासलाई यथोचित सम्बोधन हुने गरी सङ्घीय निजामती सेवा ऐन शीघ्र जारी गर्न अनुरोध गर्ने,
२. निजामती सेवा ऐन,२०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का मूलभूत विषयमा तादाम्यता हुने गरी प्रचलित प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनमा आवश्यक परिमार्जन गर्न पहल गर्ने,
३. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूमा समान पद, तह/श्रेणीमा दरखास्त दिन नपाउने गरी प्रचलित कानूनमा व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने,
४. सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालत समेतबाट हुने अन्तरिम आदेशका कारण आयोगका पदपूर्ति तालिका प्रभावित हुने भएकोले पदपूर्तिसँग सम्बन्धित सबै मुद्दाहरूलाई अग्राधिकार दिने व्यवस्थाका लागि पहल गर्ने,
५. पाठ्यक्रम, परीक्षण विधि र परीक्षा प्रणालीको गुणस्तरीयता वृद्धि गर्न प्रदेश लोक सेवा आयोगहरूका असल अभ्यासहरूलाई आदान प्रदान र अनुशरण गर्ने,
६. संविधानको व्यवस्था बमोजिम आयोगलाई प्रदेशको सशक्त संवैधानिक निकायको रुपमा परिचित गराउने,

| | | | |
|---|---|---|---|
| मा. महेन्द्र प्रसाद गुरागाई<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कोशी प्रदेश, विराटनगर | मा. शिवराम यादव<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>मधेश प्रदेश, जनकपुर | मा. महेश्वर श्रेष्ठ<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>बागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>गण्डकी प्रदेश, पोखरा |
| मा. डिम्पल गुरुङ<br>का. वा. अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>लुम्बिनी प्रदेश, बुटवल | मा. बसन्ती कुमारी सिंह शाही<br>का. वा. अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कर्णाली प्रदेश, वीरेन्द्रनगर | मा. यज्ञराज बोहरा<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>सुदुरपश्चिम प्रदेश, धनगढी | |

इति सम्वत् मिति २०८२ मङ्सिर १९ गते रोज ६ शुभम् ........................................ ।



माननीय प्रदेश प्रमुख ज्यू समक्ष माननीय का.वा.
अध्यक्षज्यूले पाँचौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै




आयोगको पाँचौं वार्षिक उत्सवको अवसरमा सम्पूर्ण
कर्मचारीहरूको संयुक्त तस्विर




लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन




आयोगका पदाधिकारीज्यूहरू र सचिवज्यू लोक सेवा
आयोगको छैटौं राष्ट्रिय सम्मेलनमा




प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलन




प्रदेश स्थापना तथा सहिद दिवस–२०८२




सचिव पूर्णमान श्रेष्ठज्यूको विदाई कार्यक्रम



लोक सेवा आयोगहरूको क्षमता अभिवृद्धि तालिममा सहभागी



प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशमा सिकाई तथा अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न




हुम्लास्थित विभिन्न स्थानीय तहहरूको अनुगमन कार्यक्रम



आयोगका पदाधिकारी तथा कर्मचारीहरूको संयुक्त तस्विर

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, नेपाल
योग्यता, निष्पक्षता, स्वच्छता
PROVINCE PUBLIC SERVICE COMMISSION, KARNALI PROVINCE, NEPAL

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, नेपाल

PROVINCE PUBLIC SERVICE COMMISSION, KARNALI PROVINCE, NEPAL

योग्यता, निष्पक्षता, स्वच्छता